# कर्णाली जलश्रोत लिमिटेड (कार्जल)
# KARNALI JALASHROT LIMITED (KARJAL)
*An Alternative Development Model*

प.सं. ०८०/०८१

च.नं. १०

मिति: २०८०।११।२९

श्री शेयरधनी ज्यू

यस कर्णाली जलश्रोत लिमिटेडले सौर्य दैनिकमा गत २५ पुस २०८० मा यस कम्पनीको थप शेयर खरिद गर्ने सम्बन्धमा विज्ञापन प्रकाशित गरेको सूचना यहाँलाई जानकारी भएकै होला । उक्त सूचना यहाँको जानकारीमा नआएको भएमा त्यो सूचना यसैसाथ संलग्न गरिएको अनुरोध छ ।

यस कम्पनी अन्तर्गत निर्माण भइहेका माथिल्लो चौरीखोला जलविद्युत आयोजना (६ मे.वा.) को भौतिक प्रगति ७८% (प्रतिशत) भइसकेको र आँउदो २०८१ साल असोज मसान्त देखि विद्युत उत्पादन शुरु गर्ने योजना रहेको जानकारी गराउन चाहन्छु । आयोजनाबाट विद्युत उत्पादन शुरु भए पछि यस कम्पनीले आय आर्जन थाल्ने अवस्था छ ।

यस कम्पनीका संस्थापकहरुले २०६९ साल देखि नै शेयर लगानी गर्दै आएको र कम्पनीको नयाँ शेयर खरिद गर्नेहरुले सामान्य अवस्थामा प्रिमियम तिरेर शेयर खरिद गर्ने प्रचलन रहेको यहाँलाई अवगत हुनै पर्छ । तथापी नयाँ शेयर लगानीकर्ताहरुको हकमा यो एक पटकको लागि प्रिमियम मिनाहा/छुट दिने निर्णय गरिएको छ, तसर्थ यस कम्पनीको थप शेयर खरद गरेर यो अवसर सदुपयोग गर्नु हुन अनुरोध गरिएको छ ।

आयोजनाको बाँकी निर्माण कार्य समयमा सम्पन्न गर्न आर्थिक श्रोतको सुनिश्चितता गर्नु पर्ने भएकोले यही २०८० चैत्र २० गते भित्र शेयर थप/नयाँ खरिद गर्ने समय निर्धारण गरिएको जानकारीको लागि अनुरोध गरिन्छ ।

भवदीय

लोकवहादुर रावत
अध्यक्ष
कर्णाली जलश्रोत लिमिटेड

**Corporate Office**
Anamnagar, Kathmandu Metropolis-32, Kathmandu, Nepal, **Phone:** +977-1-4770000
**Email:** karjal.nepal@hotmail.com, info@karjal.com, **Website**: www.karjal.com

www.souryaonline.com

# सौर्य दैनिक

वर्ष १२ | अंक २८७ | बिहीबार, २८ मंसिर २०८० | SOURYA NATIONAL DAILY | Thursday, 14 December 2023 | पृष्ठ : ८ | मूल्य रू. ५



यस भित्र

## बारामा प्रहरीको गोलीबाट एकको मृत्यु




बारा । नगरपालिकाका एक प्रमुख प्रशासकीय अधिकृतलाई हाजिर गराउने विषयमा भएको विवादमा प्रहरीको गालीबाट एकजनाको ज्यान गएको छ । बाराको सिम्रौनगढमा प्रहरीको गोलीबाट एक जनाको घटनास्थलमै मृत्यु भएको छ भने अर्का एकजना गम्भीर घाइते भएका छन् ।

सिम्रौनगढ नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत महेशकुमार मिश्रलाई हाजिर गराउन नगरप्रमुख किशोरीप्रसाद कलवारले पहल गरिरहँदा बाहिर आन्दोलन गर्ने कर्मचारी र जनप्रतिनिधिले अधिकृत चढेको बा २ झ ४३५४ नम्बरको गाडी तोडफोड गर्न थालेपछि स्थिति नियन्त्रण गर्न प्रहरीले ४५ राउन्ड गोली चलाएको थियो ।

*विस्तृत समाचार मधेस संस्करण पृष्ठ ५ मा*

राजधानीमा शेखर-गगन पक्षको अलग्गै भेला

# राष्ट्रिय सभा चुनावमा असहयोग गर्ने चेतावनी



**सौर्य समाचार**

नेपाली कांग्रेसमा डा.शेखर कोइराला समूहले आगामी १६ देखि १९ पुससम्म ललितपुरको गोदावरीमा तय गरिएको महासमिति बैठक सार्न नहुने निष्कर्ष निकालेको छ । त्यसैगरी राष्ट्रिय सभाको आगामी निर्वाचनमा संस्थापन पक्षले एकलौटी गरे असहयोग गर्ने चेतावनी दिएका छन् ।

छलफलमा बोल्दै महामन्त्री गगन थापाले राष्ट्रिय सभाको निर्वाचनको उम्मेद्वार छान्न मापदण्ड बनाउनुपर्ने बताए । उनले पार्टी सभापति शेरबहादुर देउवा समूहभन्दा माथि उठ्न नसकेको आरोप लगाए ।

उनले भने, '१४औं महाधिवेशपछि हामीले तीन वटा चुनाव भए तर हामीले अहिलेसम्म एउटा पनि मापदण्ड बनाउन सकेनौं । सभापतिले न्यायपूर्ण व्यवहार गर्नुभएन । उहाँले आफ्नो समूहमा भन्दा बाहिर हेर्नुभएन । त्यसैले यो पटकको राष्ट्रिय सभाको निर्वाचनमा मापदण्ड बनाउनुपर्छ । न्यायपूर्ण ढंगले गर्नुपर्छ ।'

उनले राष्ट्रिय सभाको निर्वाचनको टिकट वितरणमा देउवा कांग्रेस सभापति बन्न सक्छन् कि सक्दैनन् प्रष्ट हुने बताए । उनले बैठकमा सुशासन र एकपछि अर्को आएको काण्डको विषयमा गम्भीर छलफल भएको बताए ।

बुधबार काठमाडौंको बत्तिसपुतलीस्थित अनुपम फुडल्यान्डमा बसेको शेखर समूहको बैठकले यस्तो धारणा बनाएको हो । बैठकमा छोटो समय बसेर निस्किएका उपसभापति धनराज गुरुङले आफूहरू महासमिति बैठक निर्धारित मितिमै हुनुपर्ने पक्षमा रहेको बताए ।

सभापति शेरबहादुर देउवाले पुसको चिसोमा बैठक गर्न समस्या हुने भन्दै माघ ११ गतेको राष्ट्रिय सभा निर्वाचनपछि मात्रै महासमिति डाक्ने गरी गृहकार्य अघि बढाइसकेका छन् ।

यसअघि आफ्नै निवास धुम्बाराहीमा बसेको पदाधिकारी बैठकमा देउवाले चिसोमा महासमिति सदस्यहरूलाई काठमाडौं आउन कठिन हुने बताएका थिए । त्यही बैठकबाट उनले महासमिति बैठक सार्नुपर्ने प्रस्ताव अघि सारेका थिए । तर उक्त बैठकमा सहभागी महामन्त्री गगनकुमार थापाले

**बाँकी पृष्ठ २**

## इजरायल पठाउने गिरोहसँग सचेत रहन आग्रह




**सौर्य समाचार**

काठमाडौं । वैदेशिक रोजगार विभागले इजरायलमा रोजगारीको प्रलोभन देखाउने विभिन्न व्यक्ति तथा समूह सक्रिय रहेको जनाउँदै सचेत रहन आग्रह गरेको छ ।

नेपाल सरकार र इजरायल सरकारबीचको श्रम सम्झौता बमोजिम मात्रै इजरायलका दीर्घकालीन स्याहार केन्द्रमा नेपालबाट सहायक कामदार पठाउने काम भइरहेको विभागका प्रवक्ता तथा सूचना अधिकारी कविराज उप्रेतीले जानकारी दिए ।

उनका अनुसार इजरायलको कृषि क्षेत्रमा नेपाली श्रमिक लैजाने विषयमा इजरायलसँग छलफल भइरहे पनि यस विषयमा कुनै पनि निर्णय भइसकेको छैन । वैदेशिक रोजगार विभागले सार्वजनिक सूचना प्रकाशित गरी कृषि क्षेत्रको 'लर्न एन्ड अर्न' कार्यक्रम तथा अरू क्षेत्रमा रोजगारीको अवसर जनाउँदै ठगी गर्ने गिरोह सक्रिय रहेको भन्दै सचेत रहन आग्रहसमेत गरेको छ ।

यस्तो खालको ठगीका सम्बन्धमा सुक्ष्म अनुसन्धान भइरहेको र यस्ता सूचना तथा गिरोहको प्रलोभनमा नपर्न विभागद्वारा प्रकाशित उक्त सूचनामा उल्लेख गरिएको छ । इजरायलका विभिन्न क्षेत्रमा रोजगारीको प्रलोभन देखाई

**बाँकी पृष्ठ २**

## 'सगरमाथा टेक फेस्ट' २९ मंसिरदेखि

**सौर्य समाचार**

काठमाडौं । प्रविधि प्रेमी, प्राविधिक विषय अध्ययनरत विभिन्न तहका विद्यार्थी तथा प्राविधिक व्यवसायीलाई समावेश गर्दै प्रविधिको क्षेत्रलाई थप परिष्कृत गर्ने ध्येयले सगरमाथा इन्जिनियरिङ कलेज तथा सगरमाथा कलेज अफ साइन्स एन्ड टेक्नोलोजी ललितपुरले 'सगरमाथा टेक फेस्ट २०२३' आयोजना गर्न भएको छ ।

प्राविधिक विद्यार्थीको खोज एवं रचनात्मक कार्यको जमघटका रूपमा आयोजित दोस्रो संस्करणको यो मेला यही मंसिर २९, ३० र आगामी पुस १ सम्म सञ्चालन हुनेछ । मेलाका बारेमा जानकारी दिन बुधबार आयोजित पत्रकार सम्मेलनमा कलेजका प्राचार्य रमेश श्रेष्ठले विद्यार्थीले आर्जन गरेको शिक्षा र क्षमताको प्रदर्शन गरी उनीहरूको नवीनतम सीपको उपादेयतालाई मूल्यांकन गर्न गराउन यस मेलाले महत्वपूर्ण भूमिका निर्वाह गर्ने बताए ।

उनले भने, 'सामूहिक सहकार्य र ज्ञान तथा चेतनाको आदानप्रदानद्वारा आजको 'कनेक्टिभिटी' युग सापेक्षित समाजमा प्रविधिको मागलाई सम्बोधन गर्न यस मेलाको आयोजना गरिएको हो ।' सन् २०१९ मा सम्पन्न पहिलो संस्करणको 'सगरमाथा टेक फेष्ट'मा पाँच हजारभन्दा बढीको सहभागिता रहेको जनाइएको छ ।

**बाँकी पृष्ठ २**

## रुकुमपश्चिममा क्षतिको विवरण अझै भएन संकलन

**सौर्य समाचार**




रुकुमपश्चिम । गत कात्तिक १७ गते राती जाजरकोट रामीडाँडा केन्द्रविन्दु बनाएर गएको भूकम्पले क्षति पुऱ्याएको रुकुमपश्चिममा २५ हजार लाभग्राहीको संख्या यकिन भएको छ । जिल्लाका ६ वटै पालिकामा ती लाभग्राहीको संख्या यकिन भएको हो । प्रभावित क्षेत्रमा क्षतिको विवरण संकलन गरेर २५ हजार लाभग्राहीको प्रहरी लागत तयार भएको र केही स्थानीय तहमा अझै संकलनको काम जारी रहेको सहायक प्रमुख जिल्ला अधिकारी प्रवेश बढुवालले जानकारी दिए ।

उनकाअनुसार लाभग्राहीको विवरण संकलनको काम जारी रहेकाले जिल्लामा पाँच हजार लाभग्राही बढ्नसक्ने जनाइएको छ । हालसम्म आठबीसकोट, चौरजहारी र मुसीकोट नगरपालिका तथा त्रिवेणी, बाँफीकोट र सानीभेरी गाउँपालिकामा गरेर साढे १७ हजार लाभग्राहीलाई अस्थायी आवास निर्माण गर्नका लागि प्रतिघर २५ हजारका दरले ४३ करोड ७५ लाख रकम स्थानीय तह विपद् जोखिम न्यूनीकरण कोषमा पठाइसकिएको छ । अब संघीय सरकारले पठाएको ५० करोडमा ६ करोड २५ लाख रकम मौज्दात रहेको सहायक प्रजिअ बढुवालले जानकारी दिए ।

'२४ हजार लाभग्राहीको प्रहरी मुचुल्का तयार भइसकेको छ, विवरण संकलनको काम केही ठाउँमा बाँकी रहेकाले पाँच हजार लाभग्राही थपिने अनुमान हामीले गरेका छौं, संघीय सरकारले अस्थायी आवास निर्माणका लागि पठाएको ५० करोड रकमले नपुग्ने देखिएपछि ३० हजार लाभग्राहीका लागि रकम माग गरेर पठाएका छौं', उनले भने । घर क्षति भएका लाभग्राहीको विवरण संकलनको काम एक महिना बढी हुँदा पनि अझै पूर्ण विवरण आएको छ । सबै पालिकाबाट लाभग्राहीको विवरण आउन अझै तीन-चार दिन

**बाँकी पृष्ठ २**

## आर्थिक सूचक सकारात्मक भएको अर्थमन्त्रीको दाबी

**सौर्य समाचार**




काठमाडौं । अर्थमन्त्री डा.प्रकाशशरण महतले सरकारको निरन्तर प्रयासपछि पछिल्लो समय अर्थतन्त्रले लय समातेको र चाँडै निर्णायक मोडमा पुग्ने जानकारी दिएका छन् ।

अर्थ मन्त्रालयमा बुधबार आयोजित सञ्चारकर्मीसँगको अन्तरक्रिया कार्यक्रममा उनले चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम, बजेट र मौद्रिक नीतिबाट लिएका सुधारका कार्यक्रमले नतिजा देखाउन थालेको बताए । 'मैले मन्त्रालयको जिम्मेवारी सम्हाल्दा अर्थतन्त्रका धेरै सूचक सकारात्मक थिएनन्, कोभिडका बेला सहज मौद्रिक नीति अपनाउँदा त्यसले देखिएका असर व्यवस्थापनका कसिलो नीति लिनुपर्दा केही समस्या सिर्जना भएका थिए', अर्थमन्त्री महतले भने, 'समग्रमा आर्थिक सूचक सकारात्मक हुँदै गएका छन्, सेयर बजारमा सकारात्मक लय समातेको छ र जग्गा कारोबार पनि बढ्ने क्रममा छ, तर उत्पादन वृद्धि रोजगार वृद्धिका लागि केही समय लाग्छ, अर्थतन्त्रले निर्णायक

**बाँकी पृष्ठ २**

## विदेश पठाउन फर्जी कागज बनाउने प्रहरी र तीन अधिकृतसहित ३२ जना पक्राउ



**सौय समाचार**

काठमाडौं । काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको प्रहरी टोलीले फर्जी कागजात बनाएर भिजिट भिसामा विदेश पठाउने गिरोहसँग मिलेर काम गरेको आरोपमा दुई अधिकृतसहित ३२ जनालाई पक्राउ गरेको छ ।

ट्राभल एजेन्सी सञ्चालक र सरकारी कर्मचारीसहित गरी ३२ जनालाई पक्राउ गरिएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी वरिष्ठ उपरीक्षक सोमेन्द्रसिंह राठौरले बुधबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिए । उनका अनुसार गत असोज १९ गतेदेखि हालसम्म नक्कली कागजपत्र बनाएर भिजिट भिसामा बिदेश पठाउने गिरोहका ३२ जनालाई पक्राउ गरी आवश्यक कारबाही प्रक्रिया अगाडि बढाइएको छ ।

बुधबार पक्राउपर्नेमा नेपाल वायुसेवा निगममा कार्यरत अधिकृत अरविन्द यादव र अध्यागमन विभागमा कार्यरत अधिकृत नरवीर खड्का रहेको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता तथा प्रहरी उपरीक्षक रवीन्द्र रेग्मीले जानकारी दिए । उनका अनुसार पक्राउ परेका अधिकृतहरूले फर्जी कागजात बनाएर भिजिट भिसामा विदेश पठाउने गिरोहसँग मिलेर आर्थिक लाभ लिने गरेको प्रहरीको अनुसन्धानबाट खुलेको छ ।

**बाँकी पृष्ठ २**

## गाउँकै सेवामा चेपाङ समुदायका पहिलो इन्जिनियर

**सौर्य समाचार**



भरतपुर । चेपाङ समुदाय शिक्षाको क्षेत्रमा अन्य समुदायभन्दा पछाडि छन् । उच्च शिक्षाका साथै डाक्टर, इन्जिनियरजस्ता विषय अध्ययन गर्ने व्यक्ति पाउनै मुस्किल हुन्छ । पछिल्लो समय यस समुदायका केही व्यक्ति उच्च शिक्षा अध्ययन गरेर प्रतिष्ठित जागिरमार्फत समुदायको सेवामा लाग्न थालेका छन् । त्यसैमध्येका एक हुन् चितवनको इच्छाकामना गाउँपालिका-१ चौकीडाँडाका २३ वर्षीय होमराज चेपाङ । उनले इन्जिनियरिङ गरेर आफ्नै गाउँका नागरिकको सेवामा खटिएका छन् ।

होमराज गत वर्षदेखि इच्छाकामना गाउँपालिका-२ मा सब-इन्जिनियरका रूपमा कार्यरत छन् । इन्जिनियर बन्न उनलाई अरू समुदायजस्तो सहज थिएन । 'घरको दयनीय आर्थिक अवस्था, बिहान-बेलुका के खाने भन्ने चिन्ता रहेको परिवारमा इन्जिनियर त कल्पनाको विषय नै थियो', उनले भने, 'पढ्यो भने शिक्षक त बन्छ होला भन्ने बुबाआमाले सोच्नुभएको थियो । इन्जिनियर भन्ने त उहाँहरूलाई थाहै थिएन ।'

जिल्लाको रत्ननगरमा रहेको गामबेँसीको चेपाङ संरक्षण केन्द्रले होमराजलाई सहयोग गरेको थियो । कालिका नगरपालिका-९ स्थित चतुर्मुखी माध्यमिक विद्यालयबाट एसएलसी दिएर बसेको बेला केन्द्रका अध्यक्ष केपीकिरण शर्मासँग भेट भएपछि उच्च शिक्षाको बाटो खुलेको उनले बताए । 'शर्मासँगको भेटमा उच्च शिक्षामा विज्ञान विषय पढ्ने इच्छा जाहेर गरेको थिएँ । शर्माले संरक्षण केन्द्रमा राखेर रत्ननगर-१२ स्थित पञ्चकन्या माध्यमिक विद्यालयमा कक्षा १२ सम्म विज्ञान विषय अध्ययनका लागि भर्ना गरिदिए', होमराजले भने ।

होमराजलाई विज्ञान विषय अध्ययन गराउन धेरैसँग सहयोग मागेको शर्माले बताए । 'सामाजिक सञ्जालमार्फत मागिएको सहयोगमा धेरैले साथ दिनुभयो । गणित सानैदेखि होमराजको रुचिको विषय थियो', उनले भने ।

कक्षा १२ मा उत्कृष्ट नतिजा ल्याएर पास भएपछि होमराजलाई इन्जिनियर विषय पढ्ने इच्छा भएकाले सामाजिक सञ्जालमार्फत पुनः सहयोग मागेर भरतपुरको नेपाल पोलिटेक्निक इन्स्टिच्युटमा भर्ना गरिदिएको शर्माले सुनाए । 'केही समयपछि विदेशमा रहनुभएका एक जना साथीले सहयोग गर्नुभयो र होमराजलाई इन्जिनियर अध्ययन गराउन सफल भयौं', उनले भने ।

निरन्तरको लगनशीलता र मिहिनेतले होमराजले इन्जिनियर पास गरे । उनी चेपाङ समुदायबाट इन्जिनियर पास गर्ने पहिलो व्यक्ति हुन् । उनीसँगै धादिङका मनिष चेपाङले पनि सोही वर्ष इन्जिनियरिङ पास गरेका थिए । इन्जिनियर

**बाँकी पृष्ठ २**

# रैथाने संस्कृतिको प्रवर्धन गरिने




■ सौर्य समाचार

काठमाडौं । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किरातीले नेपालको संस्कृतिलाई पर्यटन, उत्पादन, रोजगारी र उद्योगसँग जोड्ने गरी रैथाने संस्कृतिको प्रवर्धनका कार्यक्रम जनाएका छन् । उनले बुधबार सांस्कृतिक संस्थान (राष्ट्रिय नाचघर) ले आयोजना गरेको कार्यक्रममा लोकसंस्कृतिमार्फत पुँजी निर्माण र पर्यटनको टेवा दिने लक्ष्यका साथका काम गर्न लागेको बताए । 'माटोको गीत' नामक ठेट नेपाली सांस्कृतिक कार्यक्रमको घोषणा गर्दै मन्त्री किरातीले संविधानको मर्म र समाजवादको लक्ष्यलाई आत्मसात् गर्दै भूगोल र संस्कृतिको सम्वर्द्धनसहित स्थानीय कलाकारलाई राष्ट्रियकरण गर्दै नेपालीपनको पर्यटनको विस्तार गरिने जिकिर गरे । उनले विश्वका पाहुना नेपालमा आउँदा नेपाली संस्कृतिको प्रस्तुति हेरुन् र नेपालको सांस्कृतिक तस्बिर दिमागमा लिएर जान सकून, जसले पर्यटन र रोजगारीलाई टेवा दिन सकोस् भन्ने आफूहरुको अभिप्राय रहेको बताए ।

> “ लोकसांस्कृतिक प्रस्तुतिसहित गौतमबुद्ध, अरनिको, भृकुटी, सीतालगायतका नेपालका विभिन्न विभूति एवम् अग्रज साधकलाई विश्वमाझ चिनाउने जीवनीलाई नाटकीकरण गरिने जानकारी दिए


मन्त्री किरातीले मुलुकको सांस्कृतिक नीति बनाउन कार्यदल गठन गरिएको र सोको प्रतिवेदनका आधारमा नीति र कानुन बनाई कार्यान्वयन गरिने सुनाए । उनले विश्व मञ्चमा प्रभावशालीरुपमा नेपाललाई उपस्थिति जनाउन सक्ने माध्यमका रुपमा संस्कृतिलाई विकास गरिने बताए । हालका ५२ प्रतिशत आयोजना सफल नहुनुमा संस्कृतिमैत्री आयोजना नहुनु पनि कारण रहेको मन्त्री किरातीले जिकिर गरे । उनले भने, 'संस्कृति उद्योगमा जोड्ने खालको नीति हामीले तयार गर्नुछ । अहिले विकसित राष्ट्रले समेत सांस्कृतिक उद्योगमा जोड दिएका छन् । ती देशको संस्कृति मर्दै गइरहेको छ । संस्कृतिलाई जीवन्त राख्न, उद्योग र उत्पादनसँग जोड्न र नेपालको प्रकृतिसँग जोडियो भने पर्यटन उद्योगमा बदलिन्छ भन्ने उद्देश्यले यो कार्यक्रमलाई स्थापित गराउन खोजेका छौं ।'

संस्थानका महाप्रबन्धक अशोककुमार राईले यही मङ्सिर २९ गते विशेष समारोहबीच प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' बाट ठेट नेपाली सांस्कृतिक कार्यक्रमको शुभारम्भ हुने जानकारी दिए । उनले नेपालको मौलिक एवम् रैथाने संस्कृति, सभ्यता, रहनसहन तथा जीवनशैली झल्कने प्रस्तुति समावेश हुने कार्यक्रमलाई टिकट बेचेर साप्ताहिकरुपमा नियमित सञ्चालन गर्ने बताए । राईले लोकसांस्कृतिक प्रस्तुतिसहित गौतमबुद्ध, अरनिको, भृकुटी, सीतालगायतका नेपालका विभिन्न विभूति एवम् अग्रज साधकलाई विश्वमाझ चिनाउने जीवनीलाई नाटकीकरण गरिने जानकारी दिए । सोको डिजिटल अभिलेखीकरणसमेत गरिने जनाइएको छ ।

महाप्रबन्धक राईका अनुसार यो कार्यक्रममा नेपाल पर्यटन बोर्ड र निजी क्षेत्रको पनि सहकार्य हुनेछ । नेपालका विभिन्न जातजाति, समुदाय एवं भेगमा प्रचलित प्रस्तुतिजन्य लोककलालाई प्रामाणिक, आधिकारिक र प्रभावकारी बनाउन प्राज्ञ अशोक राईको संयोजकत्वमा मनोज जोशी, कृष्ण गुरुङ, खड्ग बुढामगर र सुदर्शन थापा रहेको छनोट तथा परामर्श समिति गठन गरिएको छ । समितिको सल्लाहकारमा डा भक्त राई, प्रेमनाथ अधिकारी, धीरेन्द्र प्रेमर्षि र नारायणदेवी प्रधान रहेका छन् ।

# रिसाल सम्मानित

■ सौर्य समाचार



काठमाडौं । वरिष्ठ कवि, गीतकार, गजलकार तथा गायक शम्भुकुमार मिलन र उनकी जीवनसँगिनी निर्मला रेग्मीको नाममा स्थापित शम्भु-निर्मला कला-साहित्य समाजले यस वर्षदेखि नेपाली भाषा, साहित्य, इतिहास, दर्शनशास्त्र, समाजशास्त्र, गीत सङ्गीत र कलाकारिताका क्षेत्रमा अति विशिष्ट योगदान दिने एक जना दीर्घसाधकलाई 'शम्भु-निर्मला विशिष्ट साधक सम्मान' प्रदान गर्ने निर्णय गरेको छ । उक्त 'शम्भु-निर्मला विशिष्ट साधक सम्मान-२०८०' बाट पहिलोपटक वरिष्ठ पत्रकार, लेखक तथा इतिहासविद् भैरव रिसाललाई सम्मानित तथा पुरस्कृत गर्न लागिएको जानकारी समाजबाट प्रकाशित विज्ञप्तिमार्फत प्रदान गरिएको छ ।

वि.सं. १९८५ साउन २९ गते भक्तपुरको ताथलीमा जन्मिएर संस्कृतमा आचार्य गरी पत्रकारिता, साहित्य लेखन, समाजसेवा र नेपालको आधिकारिक इतिहासको खोजी कार्यमा सक्रिय रिसालका 'साधुलाई शूली' (जेलडायरी), 'लोग्नेस्वास्नी', 'केही मित्रका चिठी', 'सुशीला भैरव' (सहलेखन), 'छानिएका रचना', 'उहिलेको नेपाल' लगायतका निबन्ध, संस्मरण तथा इतिहाससँग सम्बन्धित विभिन्न कृतिहरू प्रकाशित छन् । वरिष्ठ पत्रकारसमेत रहेका रिसालले विभिन्न पत्रपत्रिका, रेडियो कार्यक्रम, टेलिभिजन कार्यक्रम आदिका माध्यमबाट नेपाली समाजलाई सही सूचना दिएर सचेतताको सन्देश दिँदै आएका छन् । यसरी नै विभिन्न लेख तथा अन्तर्वार्तामार्फत नेपालको आधिकारिक सिमाना तथा ऐतिहासिक तथ्यहरूका बारेमा स्पष्ट जानकारी दिँदै आएका ९६ वर्षीय रिसाल आज पनि नेपाल र नेपालीको भलाइका लागि निरन्तर समर्पित छन् ।

रिसालले उल्लिखित विविध क्षेत्रमा प्रदान गरेको अतुलनीय योगदानको उच्च मूल्याङ्कन गरी नगद रु. २१ हजार र ताम्रपत्रसहितको उक्त सम्मान तथा पुरस्कार प्रदान गरिएको र सो सम्मान तथा पुरस्कार कीर्तिशेष मिलनको तेस्रो स्मृतिदिवसका अवसरमा २०८० मङ्सिर ३० गते शनिवार, नेपाल प्रज्ञा-प्रतिष्ठान (पारिजात कक्ष), कमलादी, काठमाडौंमा आयोजना हुने स्मृतिविम्बमा शम्भुकुमार मिलन स्मृतिग्रन्थ विमोचन तथा सम्मान अर्पण समारोहमा प्रदान गरिने कुराको जानकारी समाजका अध्यक्ष प्रा.डा. देवी नेपालले विज्ञप्तिमार्फत दिएका छन् ।

# पर्यटनका लागि 'कविता यात्रा'

■ सौर्य समाचार

दोलखा । साहित्यिक पत्रकार सङ्घको आयोजनामा दोलखाको सैलुङमा 'कविता यात्रा' आयोजना हुनेभएको छ । दोलखाको सैलुङको पर्यटन प्रवर्द्धन गर्ने हेतुले साहित्यकारको उपस्थितिमा कविता यात्रा हुने साहित्यिक पत्रकार सङ्घका अध्यक्ष राधेश्याम लेकालीले बताए । यात्रामा विभिन्न विधाका साहित्यकारहरू तीन दिनका लागि दोलखा आउने छन् । दोलखाको चरिकोट हुँदै तामाकोशी किनारमा रहेको चर्णावतीधामको ज्येष्ठ नागरिक सेवा केन्द्रमा आगामी पुस ४ गते बेलुकी बास बसी भोलिपल्ट पुस ५ गते सैलुङको सय थुम्काको अवलोकन भ्रमण गरी सैलुङको थुम्कामा साहित्यकारले आफ्ना रचना प्रस्तुत गर्नेछन् ।

सैलुङमा रचना वाचनपश्चात् साहित्यकारको टोलीले कालापानीमा रात बिताउने छ भने पुस ६ गते सैलुङ गाउँपालिका-८ सैलुङ वडाको आयोजनामा हुने साहित्यिक कार्यक्रममा सहभागी हुनेछ । तीन दिनमा साहित्यकारले नियात्रासहितका विभिन्न विधामा सैलुङको प्रचारप्रसारमा कलम चलाउने छन् । यस कार्यक्रमको आयोजना गर्न विशेष पहल दोलखाका समाजसेवी सोभित उप्रेतीले गरेका हुन् । कार्यक्रमले दोलखाको सैलुङलगायत विभिन्न स्थानको पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने आयोजकले बताएको छ । कार्यक्रममा गायिका गायकको समेत उपस्थित हुनेछ । साहित्यिक पत्रकार सङ्घले यसअघिको इलाममा कविता यात्रा आयोजना गरेको थियो ।

## डिभिजन वन कार्यालय नवलपुरको दाउरा लिलाम बिक्रीको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८०/०८/२८)

यस कार्यालयलाई मध्यविन्दु साझेदारी वन व्यवस्थापन समूहबाट आ.व. ०७९/०८० मा फायरलाईनमा प्राकृतिक कारणले ढल्न गई फायर लाइर्नको आगमन सुचारू गर्नका लागि संकलन गरी सुरक्षित घाटगद्दी गरेको (आकस्मिक संकलन) र ढलापडा रुखहरुवाट संकलन भई प्राप्त हुन आएको साल जातको २२ चट्टा दाउरा, चोरमारा र अरुणखोला राष्ट्रिय वन खण्डहरुवाट ढलापडा रुखहरु संकलनवाट उत्पादन भएको साल जातको २१ चट्टा दाउरा तथा चक्ला वन खण्डवाट ढलापडा रुखहरु संकलनवाट उत्पादन भएको साल जातको २३.५० चट्टा दाउरा गरी कुल जम्मा साल जातको ६६.५० चट्टा दाउराका लटहरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी शिलवन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रुपमा दर्ता तथा नवीकरण भएका वन नियमानली २०७९ को नियम १२८ बमोजिम सूचिकृत भएका गोलिया काठ चिरान गर्ने स:मिल र काठ दाउरालाई कच्चा पदार्थको रुपमा प्रयोग गर्ने भेनियर तथा प्लाईउड उद्योगले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र श्री वन तथा भू-संरक्षण विभाग, बबरमहल काठमाण्डौं; श्री वन निर्देशनालय, गण्डकी प्रदेश, पोखरा; श्री जिल्ला प्रशासन कार्यालय, नवलपरासी (ब.सु.पू.) र यस कार्यालयबाट बोलपत्र फारम खरिद गरी २२ औं दिन दिनको ३:०० बजे भित्र बोलपत्र खरिद गरिएकै कार्यालयमा शिलबन्दी बोलपत्र दर्ता गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ । विस्तृत जानकारी एवं सूचनाका लागि यस कार्यालयमा सम्पर्क गर्नु हुन सूचित गरिन्छ ।

## कर्णाली जलश्रोत लिमिटेडको थप शेयर खरिद गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८०।०८।२८**

मिति २०८०/०७/२४ मा बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको शेयरधनीहरुको हैसियतले लगत कायम भएका शेयरधनीहरु लगायत अन्य इच्छुक नेपाली नागरिकहरुलाई प्रति कित्ता रु.१००।- दरको आफुले खरिद गरी लिन चाहेको शेयर संख्या र सो वापतको हुन आउने रकम कम्पनीको नाममा रहेको **राष्ट्रिय बाणिज्य बैंक लि.को** खाता नं. ११३०१००००३५५२००१, **प्रभु बैंक लि**.को खाता नं. ००१००१००८६९३८००००००१ र **एनएमबी बैंक लि.**को खाता नं. ०२३००३६१२१२०००२२ मा जम्मा गरी सो बैंक भौचर समेत साथै राखि यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिन भित्र कम्पनीको रजिष्ट्रर्ड कार्यालय का.म.न.पा.बडा नं. २९ अनामनगर, काठमाण्डौमा शेयर खरिदको निवेदन दिन हुन जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । उक्त समय अवधि भित्र रकम जम्मा गरेको बैंक भौचर साथ पेश हुन आएको निवेदन अनुसारको शेयर लगत नियमानुसार निर्णय गरी कायम गरीने व्यहोरा समेत सूचित गरिएकोछ ।

**अध्यक्ष**
**सञ्चालक समिति**


## साउदीमा रोजगारको सूवर्ण अवसर ।

**Webuild S.P.A**

पूर्व:स्वीकृति मिति : २०८०/०८/०३ LT.No: 295211 चलानी नं.६०२१०१७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | बार्षिक बिदा | खाने/बस्ने सुबिधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labour | 59 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५००० | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कस्ले गर्ने र कति लाग्ने | विदेशमा गरिने मेडिकल खर्च कस्ले गर्ने र कति लाग्ने | स्वदेशमा गरिने वीमा खर्च कस्ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीड शुल्क | हवाई टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखिकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | नि:शुल्क | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १५००/- कामदार आफैले | रु. ७००/- कामदार आफैले | १०,००० |

वैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी : १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोस् । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफूसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला । ८) छनौट भई भिषा प्राप्त गरिसकेको व्यक्तिले उक्त रोजगारमा जान नचाहेमा यस संस्थालाई भिषा वापत लागेको शुल्क क्षतिपूर्ति दिनुपर्ने छ ।

अन्तवार्ता सम्बन्धित कम्पनीको प्रतिनिधिबाट २०८० पौष ५ गते यस प्रा. लि. को कार्यालय महाराजगञ्जमा हुनेछ ।

**अल-आसमाक्स कम्पनी प्रा. लि.**
महाराजगञ्ज, चक्रपथ, सल्लाघारी, काठमाडौं, नेपाल
फोन नं.: ०१-४६५०४७०, ४६५०४७१, ४६५०४७२, ४६५०४७३
Email : alasmacsrecruitment@asmacs.com.np
श्रम ईजाजत पत्र नं. ७४८/०६४/०६५
www.jobs4hunt.com is the road to your succes in your carrer


## सूचना

यस फर्म कम्पनीले (सुला भाइनयार्डस् लिमिटेड, ईन्डिया) ले पैठारी गरेको देहायको माल वस्तुहरूको अधिकृत खुद्रा विक्रि मूल्य (MRP) मिति २०८०।०९।०१ देखि लागू हुने गरी निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

| SN | DESCRIPTION OF GOODS | PACKING | BRAND | V/V% | COUNTRY OF ORIGIN | UNIT | MRP |
|---|---|---|---|---|---|---|---|
| 1 | SULA SHIRAZ CABERNET | 750ML | SULA | 13.5% | INDIA | BOTTLE | 2090 |
| 2 | SULA RED ZINFANDEL | 750ML | SULA | 13% | INDIA | BOTTLE | 2090 |
| 3 | SULA ZINFANDEL ROSE | 750ML | SULA | 11.5% | INDIA | BOTTLE | 2090 |
| 4 | SULA LATE HARVEST CHENIN BLANC | 750ML | SULA | 13.5% | INDIA | BOTTLE | 2277 |
| 5 | SULA SAUVIGNON BLANC | 750ML | SULA | 12.5% | INDIA | BOTTLE | 2090 |
| 6 | SULA CHENIN BLANC | 750ML | SULA | 12% | INDIA | BOTTLE | 2090 |
| 7 | SULA TROPICAL ROSE | 750ML | SULA | 12.5% | INDIA | BOTTLE | 2420 |
| 8 | SULA SECO | 750ML | SULA | 10.5% | INDIA | BOTTLE | 2200 |
| 9 | SULA SPARKLING SHIRAZ | 750ML | SULA | 13% | INDIA | BOTTLE | 2420 |

विक्रेता फर्मको नाम : **ड्रिंक ईट ईम्पोर्ट एण्ड एक्सपोर्ट**, एग्जिम कोड नं. 1308822510135NP


## UAE मा रोजगारको अवसर

**Emirates Link Maltauro Company LLC, UAE**

पूर्व स्वीकृती मिति: २०८०/०८/२६ L T. No. 296363 चलानी नं. ६०२११४३५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रु | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी | कामदारको छनौट तरीका |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Helper | 30 | 0 | सम्बन्धित काममा दक्ष | 900 | ३२,७७८।- | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | छ | २ वर्ष | अन्तरवार्ता |
| २. | Finishing Carpenter | 10 | 0 | | 1200 | ४३,७०४।- | | | | | | | | |
| ३. | Site Carpenter | 10 | 0 | | 1200 | ४३,७०४।- | | | | | | | | |
| ४. | Machine Operator | 10 | 0 | | 1300 | ४७,३४६।- | | | | | | | | |
| ५. | Painter | 10 | 0 | | 1200 | ४३,७०४।- | | | | | | | | |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गरिने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र प्रिमियर कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पी शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | शेवा शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कुल लागत खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | कम्पनीले | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले दिने | रोजगारदाता कम्पनीले दिने | कामदार आफैले | रु ७००/- कामदार आफैले | रु १५००/- कामदार आफैले | रु.१०,०००।- | रु.१०,०००।- |

अन्तरवार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० पुस ५ र ६ गते (21, 22 Dec. 2023) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसग राख्नुहोला । ६) काममा विदेश जादा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे श्रम तथा रोजगार प्रवर्द्धन विभाग, वानेश्वरमा सम्पर्क राख्नुहोला ।

**हिमाल इन्टरनेशनल रिक्रुटमेन्ट सर्भिस प्रा. लि.**
Himal Int'l Recruitment Service Pvt. Ltd.
सामाखुसी, काठमाडौं । Phone No.: 01-4987976, 4987760
9818602821, 9851092791, 9867546631
Lic. No.: 1272/074/075


## औषधिको दररेट प्रकाशन सम्बन्धमा

यस क्युरेक्स फर्मास्यूटिकल्स प्रा. लि.. साँगा, काभ्रेपलान्चोकबाट उत्पादित औषधिहरुको आ.व. २०८०/०८१ को निम्नानुसार अधिकतम मूल्य दररेट निर्धारण गरी राष्ट्रिय दैनिक पत्रिकामा दुवै पक्षहरुको समझदारी अनुसार प्रकाशित गरिएको छ | यदि यी औषधिहरु कुनै संघ/संस्था वा नेपाल सरकार अन्तर्गतका कार्यालयहरुले खरिद गर्नुपरेमा यस कम्पनीको आधिकारिक विक्रेता श्री बस्नेत एण्ड फेमिली प्रा.लि., कागेश्वरी मनोहरा नगरपालिका वडा नं-७, काठमाडौँ (सम्पर्क नं. ९८५११७०१८४) संग खरिद गर्नहुन सम्बन्धित सबैको जानकारीका लागि यो सार्बजनिक सूचना प्रकाशन गरिएको छ |

| Generic Name | Rate |
|---|---|
| Acyclovir 5g, 200mg/400mg tab | 70.00/10.00/20.00 |
| Albendazole 400mg tab/susp | 10.00/18.00 |
| Alprazolam 0.25mg/0.5mg/ Tab | 1.70/3.40 |
| Amitryptilline 10mg/25mg tab | 2.40/3.80 |
| Amlodipine 2.5mg/5mg/10mg tab | 2.30/5.00/8.00 |
| Amlodipine + Losartan Potassium L 27.5/55mg | 6.00/12.00 |
| Amoxycillin 125mg/250mg tab/ 500mg cap/ 60ml/90ml dry syp | 3.00/5.00/8.00/80.00/110.00 |
| Amocycillin+Cloxacillin kid tab/500 cap/ dry syrup | 7.00/12.00/120.00 |
| Ampicilln + Cloxacillin 500mg cap | 12.00 |
| Antacid tab/gel | 4.00/110.00 |
| Anticold tab/susp | 3.00/60.00 |
| Atenolol 25/50/100mg Tab | 2.20/4.00/6.00 |
| Atorvastatin 5/10/20mg Tab | 6.75/10.78/20.60 |
| Azithromycin 250mg/500mg tab/ 100mg/ 200mg susp in 30ml | 17.45/30.00/110.00/160.00 |
| Benzoic acid + Salicyclic acid 30g ointment | 65.00 |
| Calamine Lotion 30ml/100ml | 45.00/110.00 |
| Calcium 500mg tab/susp | 6.00/100.00 |
| Cetrizine HCl 10mg tab/susp 30ml (5mg/5ml) | 4.00/55.00 |
| Cefixime 100mg/200mg/400mg tab/80ml syrup | 16.00/20.00/50.00/180.00 |
| Chloramphenicol 500mg Cap/Syrup | 14.00/100.00 |
| Chlorpheniramine maleate 4mg tab | 1.50 |
| Ciprofloxacin 250mg/500mg tab | 6.00/8.00 |
| Clotrimazole cream 15g tube/pesaary tab/vaginal oint. | 55.00/11.00/80.00 |
| Cloxacillin sodium 250mg/500mg cap/ dry syrup 90ml | 5.00/13.00/130.00 |
| Diclofenac 50mg tab/ 30gm gel/ mouthwash 100ml | 4.00/100.00/110.00 |
| Domperidone 10mg tab/susp | 5.00/50.00 |
| Ferrous salt+ folic acid (iron tab) | 3.00 |
| Folic acid 5mg tab | 2.25 |
| Frusemide 40mg tab | 1.50 |
| Fluconazole 150mg cap | 24.00 |
| Gamma benzene hexachloride 60ml | 75.00 |
| Glimepride 1mg | 4.00 |
| Hydrochlorothiazide 12.5mg/25mg | 12.50/30.00 |
| Hyoscine butylbromide 10mg/20mg tab | 12.00/28.00 |
| Hand Sanitizer Liquid 100ml/200ml/500ml/5Ltr | 125/250/450/3000 |
| Hand Sanitizer Gel 100ml/200ml/500ml/5Ltr | 140/300/485/3500 |
| Ibuprofen 200mg/ 400mg tab | 2.00/4.00 |
| Iron (III) hydroxide polymaltose & Folic acid Tablet/Syr | 8.00/140.00 |
| Iron Syrup 200ml/ Cap | 120.00/4.50 |
| Itraconazole Cap | 40.00 |
| Levocetrizine Tab/Susp | 6.00/65.00 |
| Losartan Potassium 25mg/50mg tab | 4.41/7.60 |
| Metformin 500mg/ 850mg tab | 2.00/3.50 |
| Metronidazole 100mg/5ml in 60ml susp/ 200/400 mg tab | 80.00/2.00/3.00 |
| Multivitamin Cap | 4.00 |
| Nimesulide Tab/ 30gm gel | 3.00/90.00 |
| Ofloxacin 100/200/400 mg tab/ 60ml susp | 5.50/7.00/8.00/90.00 |
| Omeprazole 20mg Cap | 4.00 |
| Ondanestron 4mg/8mg/Susp | 7.00/10.00/70.00 |
| ORS | 10.00 |
| Paracetamol 15ml drop/ 125mg/5ml in 60ml susp/ 500 mg tab | 30.00/30.00/1.00 |
| Paracetamol & Ibuprofen Tab/Susp | 2.00/30.00 |
| Paracetamol tab 500mg & chlorzoxazone 250mg/500mg | 6.00/8.00 |
| Paracetamol & Caffeine Tablet 525mg | 2.50 |
| Pantoprazole 40mg tab | 8.00 |
| Pregabalin 75/150 cap | 16.50/34.50 |
| Pregabalin -75, Methylcobalamine 750/1500 Cap | 22.00/33.00 |
| Povidone gargle 60ml/100ml | 80.00/100.00 |
| Povidone iodine 5% 30ml/100ml/450ml/15gm Oint | 45.00/100.00/275.00/50.00 |
| Povidone iodine 10% 30ml/60ml/100ml/450ml/15gm Oint | 70/100/170/450 |
| Ranitidine HCl 150mg/ 300mg tab | 3.00/8.00 |
| Rovastatin 10mg/20mg/ Tab | 11.00/17.00 |
| Salbutamol 4mg tab/ 100ml Syr. | 2.00/85.00 |
| Silver sulphadiazine cream 15gm | 75.00 |
| Sulpha+trimeth 120mg/480mg/960mg tab/susp | 3.00/4.00/6.00/70 |
| Tinidazole 500mg/1000mg tab | 5.00/11.00 |
| Vitamin B Complex with zinc Cap/100ml/200ml Syr. | 6.00/90.00/150.00 |
| Vitamin C tab | 6.00 |
| Zinc 20mg tab | 5.00 |

**Curex Pharmaceuticals Pvt Ltd**

# लामा र दाहालले ल्याए रोमान्टिक गीत



■ सौर्य समाचार

काठमाडौं । गायक सुरेश लामा र गायिका मनु दाहालको आवाज रहेको नयाँ गीत 'एउटै बर्को पिरतीको आधा आधा ओढौं' को भिडियो सार्वजनिक भएको छ । किरण के उप्रेतीको शब्द रचना रहेको गीतमा नवीन कार्कीको संगीत रहेको छ ।

विशाल निरौलाको संगीत संयोजन रहेको गीतको भिडियोमा अभिनेता आकाश श्रेष्ठ र मोडल करुणा श्रेष्ठको अभिनय छ । मनोज राजभण्डारीले निर्देशन गरेको भिडियोमा छायांकन रामेश्वर हुमागाईंको रहेको छ । सुरेश पाण्डेको कोरियोग्राफी रहेको भिडियो सम्पादन मित्र डी. गुरुङले गरेका छन् । गीतको भिडियो गायिका मनु दाहालको अफिसियल च्यानलमार्फत सार्वजनिक गरिएको छ ।

# मोडल हन्टमा ३८ छानिए



■ सौर्य समाचार

काठमाडौं । 'मोडल हन्ट नेपाल २०२३' का लागि ३८ प्रतियोगी छानिएका छन् । विभिन्न चरणको अडिसनबाट १६ पुरुष र २२ महिला छानिएका हुन् । प्रतियोगिताको यो आठौं संस्करण हो । छानिएका सबै प्रतियोगी अन्तिम स्पर्धाका लागि व्यक्तित्व विकास, शारीरिक बनावट, र्‍याम्प वाक, बडी ल्याङ्ग्वेज, फोटोसुट, एक्सप्रेसनलगायतका ग्रुमिङ कक्षामा जुटेका छन् ।

उचित ज्ञानसहित देश तथा विदेशका विभिन्न फोरममा अवसर पाउन सक्ने व्यवसाहिक मोडल उत्पादन गर्ने उद्देश्यले ८ वर्षदेखि नियमितरुपमा प्रतियोगिता आयोजना गर्दै आएको आयोजक नेक्स्ट मोडल्स नेपालका अध्यक्ष रवि धमलाले बताए । उनले पछिल्लो समय युवायुवतीको आकर्षणसमेत बढ्दै गइरहेको सुनाउँदै प्रतियोगितामा सांगीतिक कार्यक्रमसहित भव्यरुपमा आयोजना हुने जानकारी दिए । प्रतियोगिताको फाइनल स्पर्धा २९ डिसेम्बर (पुस १२ गते) होटल सोल्टीमा आयोजना हुनेछ । प्रतियोगिताको पुरुष विजेताले पार्टो रिको देशमा आयोजना हुने 'रनवे मोडल इन्टरनेसनल' मा नेपालको प्रतिनिधित्व गर्ने र महिला विजेताले थाइल्याण्डमा आयोजना हुने 'सुपर मोडल इन्टरनेसनलमा' नेपालको प्रतिनिधित्व गर्ने जनाइएको छ ।

विजेताले विज्ञापन, गीति भिडियोमा अभिनय तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय फेसन सोमा सहभागीको अवसर प्राप्त गर्ने आयोजक नेक्स्ट मोडल्सका कार्यकारी निर्देशक यतना पाण्डेले जानकारी दिइन् । पाण्डेले आफूहरुले महिलाको हकहित संरक्षण, उनीहरुको सुरक्षाको प्रत्याभूति गराउनको साथै यस्ता प्रतियोगिताले दविएको आवाज बुलन्द गर्न हौसला प्रदान गर्ने जिकिर गरिन् ।

# 'नम्बरी सुन' को गीत सार्वजनिक



■ सौर्य समाचार

काठमाडौं । राजु गिरीले निर्देशन गरेको चलचित्र 'नम्बरी सुन' को नयाँ गीत सार्वजनिक भएको छ । गायक प्रताप दास र गायिका अनु चौधरीको आवाज रहेको 'तिमी बर म पीपल' बोलको गीत सार्वजनिक गरिएको हो । अर्जुन पोखरेलको शब्द तथा संगीत रहेको गीतलाई ओएसआर डिजिटल युट्युब च्यानलमार्फत आइतबार सार्वजनिक गरिएको हो । रामजी लामिछानेको कोरियोग्राफी रहेको गीतमा अभिनेता गौरव पहारी र अभिनेत्री नम्रता सापकोटाको अभिनय छ । मानकृष्ण महर्जनले छायांकन गरेको चलचित्रको गीतमा गौरव र नम्रतासँगै अभिनेता सरोज खनाल, बुद्धि तामाङ, राजाराम पौडेल, विनोद न्यौपाने, किरण नेपाली, राजेन्द्र खड्गी, सबिन बास्तोला, गीता अधिकारी, नारायण खाती, अस्मिता न्यौपाने र राजेन्द्र गिरीलगायतका कलाकारको अभिनय छ । चलचित्रमा शिवम अधिकारीको कथा र पटकथा, दिव्य सुवेदीको छायांकन रहेको गौतमराज खड्काको सम्पादन, अर्जुन पोखरेल र सन्तोष श्रेष्ठको संगीत रहेको छ । अर्जुन पोखरेल र नारायण खातीको शब्द, गायक राजेशपायल राई, प्रताप दास, गायिका शान्तिश्री परियार र अनु चौधरीको स्वर, विनोद भुजेलको ब्याकग्राउण्ड स्कोर, समीर मियाँको भिएफएक्स, देव महर्जनको द्वन्द्व, रामजी लामिछानेको कोरियोग्राफी छ । नारायण खाती प्रस्तुतकर्ता रहेको चलचित्रमा सरोज खाती, सबिन खाती र मनोज रिजाल निर्माता छन् । चलचित्रलाई जिजिए ग्रुप र एफडी कम्पनीले वितरण गर्दैछ । यो चलचित्र १९ माघदेखि देशव्यापी प्रदर्शनमा आउने तयारीमा रहेको निर्माण पक्षले जनाएको छ ।

# सिन्धुलीमा प्रतिष्ठानको घुम्ती बैठक



■ सौर्य समाचार

काठमाडौं । राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपालको पूर्ण चौथो घुम्ती बैठक सिन्धुलीमा शनिबार सम्पन्न भएको छ । सोहीक्रममा प्रतिष्ठानको सिन्धुली कार्यालयलाई केन्द्रीय अध्यक्ष रिता थापा मगरले उद्घाटन गरेकी छन् । सो अवसरमा सभापति तथा प्रतिष्ठानका सिन्धुलीका अध्यक्ष नन्दलाल श्रेष्ठले २०६४ सालमा शाखा स्थापना भएता पनि विभिन्न कारणले भर्खरै कार्यालय उद्घाटन भएको जानकारी दिए । उनले छिट्टै भवन निर्माण गर्नुपर्ने र निर्माणका लागि आफूले एक कठ्ठा जग्गा निःशुल्क उपलब्ध गराउनेसमेत घोषणा गरे ।

भवन उद्घाटन कार्यक्रममा बागमती प्रदेशका अध्यक्ष तथा पदाधिकारी र केन्द्रबाट अध्यक्ष थापा मगरसँगै पदाधिकारी, सदस्यको उपस्थिति रहेको थियो । घुम्ती बैठकअघि सिन्धुली कलाघरका संयोजक तथा सिन्धुली जिल्लाका सचिव सुमन थापामगर 'नेपाली बाबू' सहित कलाघरका सम्पूर्ण परिवारले फूलमाला र पञ्चेबाजाका साथ प्रतिष्ठान केन्द्रलाई कार्यालय तथा संग्रहालय भ्रमण गराउँदै स्वागत गरेका थिए । स्वागतका क्रममा कलाघरको तर्फबाट पञ्चेबाजा र आकर्षक नृत्य रहेको थियो । प्रतिष्ठानका तर्फबाट प्रथम उपाध्यक्ष रामजी खाँणले गायन प्रस्तुत गरेका थिए ।

सोहीक्रममा बोल्दै केन्द्रीय अध्यक्ष थापा मगरले सिन्धुली कलाघरले गरेको कला निर्माणलाई राष्ट्रले गौरवका साथ लिन सक्नुपर्ने बताइन् । यो राष्ट्रले गर्नुपर्ने काम भएको बताउँदै उनले कलाघरले गरेको कामलाई कमलामाई नगरपालिकाका प्रमुखले चासोका साथ लिनुपर्ने जिकिर गरिन् । अध्यक्ष थापामगरको सभापतित्वमा सम्पन्न घुम्ती बैठकमा वरिष्ठ उपाध्यक्ष पशुपति शर्मालगायतको उपस्थिति रहेको थियो भने सञ्चालन महासचिव शिव हमालले गरेका थिए । यसअघि सचिवालय बैठकमा गरेको निर्णय अनुमोदन गर्दै फागुनमा राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठानद्वारा दोहोरी गीत प्रतियोगिता भृकुटीमण्डपमा गरिने र संयोजक केन्द्रका प्रशासनिक सचिव जीवन दाहाललाई बनाउने सहमति भएको थियो ।

साथै, विभिन्न आकस्मिक आर्थिक समस्या आउँदा तुरुन्तै सहजीकरणका लागि नारायण रायमाझी सांगीतिक साँझबाट उठेको रकमलाई सामाजिक सहायता कोष स्थापना गर्ने साथै प्राविधिक प्रशिक्षण कार्यक्रम केन्द्रले छिट्टै गर्ने निर्णय पनि भएको प्रतिष्ठानका सञ्चार समन्वय विभाग संयोजक राजकुमार रायमाझीले जानकारी दिए ।

# वेव सिरिज 'ब्रह्माण्ड' कान्तिपुर सिनेमाजमा

■ सौर्य समाचार

काठमाडौं । वेव सिरिज 'ब्रह्माण्ड' नेपाली ओटिटी प्लेटफर्म कान्तिपुर सिनेमाजमा आजबाट रिलिज भएको छ । टोपी स्टुडियोज पोखरा र कान्तिपुर फिल्म एकेडेमी काठमाडौंले निर्माण गरेको यो सिरिज आजबाट च्याप्टर वाइज स्ट्रिमिङ्ग सुरु भएको हो । उक्त सिरिजमा कलाकार अर्पण थापाको मुख्य भूमिका छ । ब्रह्मण्ड अर्पणको डेब्यु सिरिज हो ।

अर्पणसँगै सिरिजमा सुनिल थापा, निशा अधिकारी, भोलाराज सापकोटा, राजन खतिवडा, विशाल पहारी सुरज बिष्ट लगायतको अभिनय रहेको छ । संजय ढुंगाना र सुप्रज्ञा शर्माले यस सिरिजबाट डेब्यु गर्दैछन् । मीलोथोली ड्रामा जनरामा बनेको ब्रह्माण्डलाई सिनेम्याटोग्राफर पुरुषोत्तम प्रधानले छायांकन गरेका हुन् । यस सिरिजमा सुरेन्द्र पौडेलको सम्पादन रहेको छ । सागरराज आचार्य र प्रकाश पुरीले मिलेर बनाएको यस सिरिजमा रियाज नाटक्कारको लेखन तथा निर्देशन रहेको छ । कान्तिपुर सिनेमाजको ओटीटी प्लाटफर्ममा मासिक २९९ रुपैंया तिरेर चलचित्र हेर्न सकिन्छ । एक पटक सब्स्क्रिप्सन शुल्क तिरेपछि दर्शकले उक्त प्लेटफर्ममा भएको सम्पूर्ण कन्टेन्ट हेर्न पाउनेछन् । हाल कान्तिपुर सिनेमाज ज्याकी आइ एम ट्वान्टी वान, जुलेवी, म, चि मुसी चि, खरानी, मदर, मुखिया, ऋतु लगायत फिल्महरु र मिस स्कार्लेट, लभ सुत्र, ब्रह्माण्डलगायत सिरिजहरु स्ट्रिमिङ्ग भइरहेको छ । हाललाई कान्तिपुर सिनेमाज प्ले स्टोर, वेभ ब्राउजर र स्मार्ट टिभीमा उपलब्ध छ ।

## कर्णाली जलश्रोत लिमिटेडको थप शेयर खरिद गर्ने सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति २०८०/०९/०५**

मिति २०८०/०७/२४ मा बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको शेयरधनीहरुको हैसियतले लगत कायम भएका शेयरधनीहरु लगायत अन्य इच्छुक नेपाली नागरिकहरुलाई प्रति कित्ता रु.१००।- दरको आफुले खरिद गरी लिन चाहेको शेयर संख्या र सो वापतको हुन आउने रकम कम्पनीको नाममा रहेको राष्ट्रिय बाणिज्य बैंक लि.को खाता नं. ११३०१००००३५५२००१, प्रभु बैंक लि.को खाता नं. ००१००१००८६९३८००००००१ र एनएमबी बैंक लि.को खाता नं. ०२३००३६१२१२०००२२ मा जम्मा गरी सो बैंक भौचर समेत साथै राखि यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिन भित्र कम्पनीको रजिष्ट्रर्ड कार्यालय का.म.न.पा.वडा नं. २९ अनामनगर, काठमाण्डौमा शेयर खरिदको निवेदन दिन हुन जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । उक्त समय अवधि भित्र रकम जम्मा गरेको बैंक भौचर साथ पेश हुन आएको निवेदन अनुसारको शेयर लगत नियमानुसार निर्णय गरी कायम गरीने व्यहोरा समेत सूचित गरिएकोछ ।

**अध्यक्ष**
**सञ्चालक समिति**

# 'गाउँ आएको बाटो' जेठमा

■ सौर्य समाचार

काठमाडौं । नवीन सुब्बाले निर्देशन गरेको चलचित्र 'गाउँ आएको बाटो' को नेपालमा प्रदर्शन गर्ने समय तय गरिएको छ । उक्त चलचित्र नेपालमा २०८१ जेठ १८ गते विभिन्न हलमा प्रदर्शन गरिने निर्माण पक्षले जनाएको छ । विश्वप्रसिद्ध टोरन्टो अन्तर्राष्ट्रिय चलचित्र महोत्सवको ४८औं संस्करणमा छनोट भएर पहिलो प्रदर्शनी (प्रिमियर) गरिएको नेपाली यो चलचित्र दक्षिण कोरियाको बुसान अन्तर्राष्ट्रिय चलचित्र महोत्सव, भारतको मुम्बई चलचित्र महोत्सवलगायतमा समेत प्रदर्शनी गरिएको थियो । राई जातिको सामाजिक पृष्ठभूमिमा तयार पारिएको यस चलचित्रमा गाउँमा सडक आएपछि बाबु-छोराको सम्बन्धमा आउने उतारचढावलाई उधिन्ने कोसिस गरिएको निर्देशक सुब्बाले बताए ।

निर्देशक सुब्बाले निर्देशनको सुरुआत गरेको पहिलो चलचित्र ' खाङ्ग्री' नै पहिलोपटक अन्तर्राष्ट्रिय बजारमा पुगेको थियो । यसअघि उनीद्वारा निर्देशित 'नुमाफुङ' फुकुओका, गोटेवर्ग, सन्फ्रान्सिस्कोजलगायत चलचित्र अन्तर्राष्ट्रिय चलचित्र महोत्सवमा छनोट भएका थिए ।

'गाउँ आएको बाटो' मा अभिनेता दयाहाङ राई, अभिनेत्री पशुपति राई, राज थापा, प्रसन राई, केशव राई, सुमित्रा राई, प्रेम सुब्बालगायत कलाकारको अभिनय छ । महेश राई र निर्देशक सुब्बाले लेखेको सो चलचित्रको छायांकन जोस हेरम, सम्पादन क्वान पुन लिउङले तथा हेडी लिले सङ्गीत भरेका छन् ।

## मोटरसाईकल हरायो

तससिल बमोजिमको मोटरसाइकल मिति २०८० मंसिर २९ गते सुकेधारा चोक नजिकै बन्दै गरेको mercure होटल अगाडी पार्किङ्ग गरेर राखेको ठाउँबाट करिब बेलुका १७:००/१९:०० बजे तीर हराएको हुँदा पाउनु हुने महानुभावले मेरो तल उल्लेखित ठेगाना तथा नजिकको प्रहरी कार्यालयमा खबर गरिदिन हुन अनुरोध गर्दछु ।

**नाम : ब्रहमदेव ठाकुर**
**ठेगाना : बराहक्षेत्र-४, सुनसरी**
**च्यासिस नं. : MD2ALLCXXPPA-25809**
**ईन्जिन नं. : DHXPPA-75978**
**कम्पनी : पल्सर,** 150 cc, Black
**मोटर साईकल नं. प्र.१-०२-०५२ प ५५४९**
**(प्र.१-०४-००२प ०९५०)**
**फोन नं. :** ९८१७३४८३७२, ९८०४३५४९९४

## Sakhuwa Prasauni Rural Municipality
## Office of Rural Municipal Executive
### Sakhuwa Prasauni, Parsa

## NOTICE OF INVITATION FOR ELECTRONIC BIDS

**First Date of Publication: 2080/09/05 (21st Dec 2023)**

1. Sakhuwa Prasauni Rural Municipality, Sakhuwa Prasauni, Parsa invites **electronic bids** from eligible Nepalese bidders for the following works:

| S. NO. | Contract No. | Name of Project | Cost Of Bid Document (NRs.) | Average Annual Construction Turnover | Bid Validity Period | Bid Security Amount (NRs.)/ Validity Period |
|---|---|---|---|---|---|---|
| 1 | SPRM/NCB/ WORKS/01/ 2080-081 | Construction of Blacktop road from Karbola towards Kalyanpur to Pachgawa Bazaar. | 5,000.00 | 4,30,00,000.00 | 90 days | 750,000.00 / 120 days |
| **S. NO.** | **Contract No.** | **Name of Project** | **Cost Of Bid Document (NRs.)** | **Estimated Amount including VAT (NRs.)** | **Bid Validity Period** | **Bid Security Amount (NRs.)/ Validity Period** |
| 2 | SPRM/NCB/ WORKS/02/ 2080-081 | Construction of Blacktop road from Pachgawa Bazaar to Auraha. | 3,000.00 | 50,70,797.96 | 90 days | 130,000.00 / 120 days |
| 3 | SPRM/NCB/ WORKS/03/ 2080-081 | Construction of Blacktop road from Prasauni village to Auraha Pachgawa Bazaar. | 3,000.00 | 1,51,56,943.00 | 90 days | 400,000.00 / 120 days |

| | |
|---|---|
| **Deadline for Purchase of Bid Document:** | 2080/10/07 (21st Jan 2024) |
| **Deadline for Bid Submission:** | 2080/10/07 (21st Jan 2024)) till 12:00 Noon |
| **Date, Time and Place of Bid Opening:** | 2080/10/07 (21st Jan 2024)) 1:00 PM at Sakhuwa Prasauni Rural Municipality, Parsa |
| **Account Number for Bid Document Purchase:** | Name of Bank: Nepal Bank Limited, Mahuwan Branch<br>Name of Office: Sakhuwa Prasauni Rural Municipality, Parsa<br>Office Account no.: 18103000001001000001 |
| **Account Number for Bid Security Deposit:** | Account Name: Sakhuwa Prasauni Rural Municipality, Parsa<br>Bank Name: Nepal Bank Limited, Mahuwan Branch.<br>Account Number: 18103000003000000001 |

2. Eligible bidders may obtain further information and inspect the bidding document at Sakhuwa Prasauni Rural Municipality, Parsa or may visit PPMO website **www.bolpatra.gov.np/egp.**
3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
4. Bidders have to submit their bid electronically through e-GP system of PPMO website: **www.bolpatra.gov.np/egp** as specified in the Instructions to Bidders.
5. The office reserves right to accept or reject any or all bids without assigning reasons, whatsoever.

# अविरलमा गुञ्जिए लामिछाने




■ सौर्य समाचार

काठमाडौं । 'अविरल जनसाहित्य यात्रा' को ८५ औं शृङ्खलामा भैरहवाका स्रष्टा प्रा.डा.कपिल लामिछानेका एक दर्जन कविताका साथ गुञ्जिएका छन् । प्रा.डा. लामिछानेले सिर्जनाको रचनागर्भका बारेमा जानकारी गराउँदै आफूले कविता सिर्जनाबाट साहित्ययात्राको थालनी गरेको सुनाए । उनले ' अक्टोपस' कवितासङ्ग्रह प्रकाशित भएपछि उक्त सङ्ग्रहमाथि नै अनुसन्धानसमेत भएको भए पनि त्यसपछि क्रमशः आख्यानतर्फ मोडिएको जनाउँदै खास घटना वा परिवेशले घच्घच्याएपछि कविता सिर्जना गरेको जिकिर गरे । उनले भने, 'सत्ताधारीको बहुरूपी र बहुलठ्ठी प्रवृत्तिले मलाई कविता सिर्जनामा सघाएको हो ।' उनले सो अवसरमा 'नयाँघर', ' महासमरमा', 'सिङ्गो मुलुक सलामीमा जुटेको छ', ' एक्काइसौँ शताब्दी पख्', 'सहिदको मःमः', 'यस्तो लाग्छ', 'कठपुतलीहरू', 'अक्टोपस १', ' अक्टोपस २', 'सेताहात्तीहरू', 'धरहरामा म' र 'बडा ! बडा !' शीर्षकका १२ ओटा कविता वाचन गरे ।

सो कार्यक्रममा डा.हरिप्रसाद सिलवालले प्रा.डा. लामिछानेको परिचय दिँदै स्थापित आख्यानकार, बालसाहित्यमा पनि विशेगषगरी आख्यानमा सशक्तरूपमा कलम चलाउँदै आएका स्रष्टा भएको बताए । उनले 'अक्टोपस' कवितासङ्ग्रहका स्रष्टा लामिछाने मार्क्सवादी वैचारिकताको कसीमा घोटेर सिर्जना गर्ने अनि स्पष्ट रूपान्तरणको सन्देश सम्प्रेषण गर्ने स्रष्टा भएको जिकिर गरे ।

उनले भने, '२०३४ सालबाट साहित्ययात्रा सुरु गर्नुभएका र २०४२ सालदेखि ' मोहभङ्ग' शीर्षकको कथा लिएर अविश्रान्त आख्यानमा सिर्जनारत रहनुभएका उहाँका दर्जनौँ साहित्यका विविध विधाका कृति र दर्जनौँ बालसाहित्यका कृति प्रकाशित भएका छन् ।' डा.सिलवालले बालबालिकालाई बाल्यावस्थादेखि नै असल विचारसहितका सिर्जना पढ्न दिएर सफल बनाउनुपर्ने मान्यता राख्ने लामिछाने स्रष्टा र द्रष्टा दुवै व्यक्तित्व भएको बताए ।

राष्ट्रिय जनसाहित्यिक सङ्घ, नेपालका अध्यक्ष राम विनयको अध्यक्षतामा सम्पन्न कार्यक्रममा राष्ट्रिय जनसांस्कृतिक महासङ्घका अध्यक्ष प्रेमनाथ अधिकारी उपस्थिति रहेको थियो ।

वाचित एक दर्जन कवितामाथि टिप्पणी गर्दै समीक्षक डा.विदुला घिमिरेले एकैजना स्रष्टाका एक दर्जन कविता सुन्ने/सुनाउने र वाचित कवितामाथि टिप्पणीसमेत गरेर कविलाई थप परिष्कृत पार्ने अभियानको उद्देश्य सकारात्मक रहेको सुनाइन् । उनले प्रा.डा. लामिछानेका सुनिएका सबै कविता गणतन्त्रकै सेरोफेरोमा घुमेका जनाइन् । उनले भनिन्, 'जनताको बलिदानी सङ्घर्षले राजतन्त्रको अन्त्य गरेर गणतन्त्र स्थापना भएपछि समृद्ध मुलुक अर्थात् नयाँघरको परिकल्पना गरिएको अर्थात् सपना देखिएको भए पनि सार्थक नभएको, साकार नभएको अभिव्यक्ति कवितामा अत्यन्त प्रखररूपमा आएको छ । सत्ताधारीको हिंस्रक चरित्रको उदात्तीकरण कवितामा भएको र निरङ्कुशताका विरुद्धमा नेपाली जनताले तातोरगत बगाएको दृष्टान्तका साथ नेपाली बलिदानी रगतको महिमागान गाइएको छ ।' डा.घिमिरेले २०४६ सालको आन्दोलनको नेतृत्व गर्ने जनताका प्रिय नेता वा नायकको हत्या गरिएकोप्रति कविमन अत्यन्त द्रविभूत भएको पीडा र सम्मानभावसहित त्यो मृत्यु अमर भएको विचार कवितामा व्यक्त भएको बताइन् । उनले भनिन्, 'विश्वले एक्काइसौँ शताब्दी भोगिसक्ता पनि हाम्रो हकमा भने जनताले पटक्कै अनुभूत गर्ननसकेको ! अर्थात् रूपान्तरणको अनुभूति नभएको चिन्ताभाव कवितामा अभिव्यक्त गरिएको छ ।'

सङ्घका उपाध्यक्ष रमेश पोखरेलले सिर्जना, प्राध्यापन, अनुसन्धान, सङ्गठन, राजनीतिक-सामाजिक रूपान्तरण अभियानका अत्यन्त सक्रिय, अथकित, अविश्रान्त अभियन्ता प्रा.डा. लामिछानेका सिर्जनाले समाज रुपान्तरणमा विशिष्ट भूमिका खेलेको बताए ।

# 'सालार' को कमाइ ४ सय ८५ करोड

■ सौर्य समाचार

काठमाडौं । दक्षिण भारतीय चर्चित अभिनेता प्रभास अभिनीत चलचित्र 'सलार' ले प्रदर्शन भएयता बक्स अफिसमा निकै राम्रो व्यापार गरिरहेको छ । चलचित्रलाई समीक्षक र दर्शक दुवैले राम्रो प्रतिक्रिया दिइरहेका छन् । चलचित्रले अहिलेसम्म बक्स अफिसमा ३ सय ८ करोड कमाइसकेको भारतीय सञ्चार माध्यमले जनाएका छन् । चलचित्रले बलिउड अभिनेता शाहरुख खानको 'डन्की' लाई समेत पछि पारेको छ । केजीएफ फेम निर्देशक प्रशान्त नीलको निर्देशनमा बनेको यो चलचित्रले ९ दिनको कुल व्यापार ३ सय २९.६२ करोड गरेको छ । विश्वभर चलचित्रले ४ सय ८५ करोडको आँकडा छोएको छ ।

चलचित्र 'सालार' मा अभिनेता प्रभासको अपोजिटमा श्रुति हासन प्रमुख भूमिकामा छन् । यसबाहेक चलचित्रमा पृथ्वीराज सुकुमारन, जगपति बाबु रेड्डी, टिनु देसाई लगायतका कलाकारको भूमिका छ । चलचित्रको कथा मित्रतामा आधारित छ, जसमा कुनै घटनाका कारण दुई साथी एकअर्काका शत्रु बन्छन् । यो चलचित्र २२ डिसेम्बरमा हलमा प्रदर्शनमा आएको थियो ।


## मोटरसाईकल हराएको सूचना

मिति २०८०/०९/१२ गते लगभग बेलुका ६ देखि ८ बजेको समयमा का.जि.का.म.न.पा. वडा नं. १५ स्थित स्वयम्भू कारखाना चोकमा पार्कीङ्ग गरी राखेको बा.प्र.२-०४० प ३१८५ च्यासिस नं. MD2A13EX0MCJ-97095 र ईन्जिन नं. DKXCMH-31326 को निलो, कालो रङको बजाज पल्सर २२० सि. सि. को मोटरसाईकल हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकैको प्रहरीचौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

ऋणीको नाम : कृष्ण बहादुर बुढाथोकी
सवारी धनीको नाम: श्री हुलास फिन सर्भ
ठेगाना : का.जि., बुढानिलकण्ठ, न.पा.११
फोन नं.: ९८५१०५४६५०



## नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको बैंकमा धितो राखेको अचल सम्पत्तिहरू लिलाम बिक्री गर्ने सम्बन्धी ०७ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति : २०८०/०९/१६)

यस बैंक (साबिक नेपाल इन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था)का तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नुभएको कर्जा रकम बैंकसँग गर्नुभएको कर्जा सम्झौता बमोजिम तिर्न बुझाउनको लागि बैंकबाट पटक पटक मौखिक, लिखित ताकेता गर्दा तथा देहाय बमोजिम विभिन्न मितिमा ऋण, कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणीले ऋण कर्जा तिर्नेतर्फ पूर्ण वेवास्ता गरि कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल नगरेको हुनाले यो लिलाम सूचना प्रकाशित गरिएको छ । लिलाम हुने दिनसम्म उक्त कर्जाको सम्पूर्ण साँवा, व्याज तथा हर्जाना लगायतका अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउन सकिने व्यहोरा सम्बन्धित ऋणी तथा जमानीकर्ताहरु समेतलाई यो सूचनाद्वारा जानकारी गराईन्छ । उक्त म्यादभित्र समेत सो कर्जा चुक्ता नभएमा ऋणी लगायत सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकद्वारा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकिकृत निर्देशन बमोजिम प्रक्रिया अगाडि बढाउने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंकलाई धितोबन्धक लेखिदिएका तपसिलमा उल्लेखित सम्पति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि उल्लेखित बमोजिमको मिति, समय र स्थानमा **गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट** लिलाम बिक्री गरिने भएकाले सो सम्पति खरिद गरिलिन ईच्छुक महानुभावहरुको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, इच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पति लिलाम बिक्री नभएमा सो सम्पति अन्य व्यवस्था गरी बेचबिखन गर्नसक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिनसक्ने र उक्त सम्पतिबाट बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति**
२०८०/०९/२२

**बोलपत्र खोलिने मिति**
२०८०/०९/२३ दिउँसो ३ बजे

### तपसिल

| क्र.सं. | कर्जा शिर्षक | ऋणीको नाम, थर, वतन तथा व्यक्तिगत जमानीकर्ताहरुको विवरण | धितो सुरक्षणमा रहेको अचल सम्पतिहरुको विवरण |
|---|---|---|---|
| १. | विविध कर्जा | **ऋणीहरू : ग्लासियर इन्टरनेशनल स्कुल एण्ड कलेज र दिलिप कुमार विष्ट**<br>**(क) ग्लासियर इन्टरनेशनल स्कुल एण्ड कलेज प्रा.लि.**<br>दर्ता नं. : १९७४३/०५९/०६०<br>ठेगाना : का.म.न.पा. ३१, काठमाडौं<br>**(ख) दिलिप कुमार विष्ट**<br>(ना.प्र.नं. ४९९८/११२१८/३३३९, मिति २०५२/०२/२४ मा जि.प्र.का. काठमाडौंबाट जारी भएको)<br>ठेगाना : कीर्तिपुर ०७, काठमाडौं<br>बाबु : धुव्र विष्ट<br>बाजे : मेहर सिंह विष्ट<br>**व्यक्तिगत जमानीकर्ताहरू :**<br>**१. दिलिप कुमार विष्ट**<br>ऐ.ऐ.<br>**२. मन्जु शाह**<br>(ना.प्र.नं. २६५९/१४५४, मिति २०६१/०७/२६ मा जि.प्र.का. दाङबाट जारी भएको)<br>बाबु : धुव्र बहादुर शाह<br>बाजे : चन्द्र बहादुर शाह<br>**३. दिवस शाक्य**<br>(ना.प्र.नं. १६२६/१८२६३, मिति २०४९/१२/२० मा जि.प्र.का. सुनसरीबाट जारी भएको)<br>बाबु : भिम बहादुर शाक्य<br>बाजे : शंकर लाल शाक्य<br>**४. जानकी शरण यादव**<br>(ना.प्र.नं. ८१, मिति २०५३/०४/०२ मा जि.प्र.का. सिरहाबाट जारी भएको)<br>बाबु : सूर्यनाथ यादव<br>बाजे : कमल यादव<br>**५. रेगन प्रसाई**<br>(ना.प्र.नं. २४६५२, मिति २०६३/०२/१७ मा जि.प्र.का. झापाबाट जारी भएको)<br>बाबु : राजेन्द्र प्रसाई<br>बाजे : जय नारायण प्रसाई<br>**६. सिता लामा**<br>(ना.प्र.नं. २८-०१-०६९-०४८८६, मिति २०६९/०९/०१ मा जि.प्र.का. ललितपुरबाट जारी भएको)<br>बाबु : बल बहादुर लामा<br>बाजे : पूर्ण बहादुर लामा<br>**७. राजेन्द्र प्रसाद कोइराला**<br>(ना.प्र.नं. २१०८, मिति २०४२/०३/०५ मा जि.प्र.का. मोरङ्बाट जारी भएको)<br>बाबु : चिरंजीवी कोइराला<br>बाजे : कर्णेश्वर कोइराला<br>**८. हिकमत थपलिया**<br>(ना.प्र.नं. ९७७३७५६५, मिति २०५५/०९/१० मा जि.प्र.का. झापाबाट जारी भएको)<br>बाबु : देवेन्द्र थपलिया<br>बाजे : छवि लाल थपलिया<br>**९. मिलन थापा**<br>(ना.प्र.नं. २८-०१-०६६-०१२०५, मिति २०६६/०२/२८ मा जि.प्र.का. ललितपुरबाट जारी भएको)<br>बाबु : राम चन्द्र थापा<br>बाजे : कृष्ण बहादुर थापा | १. दिलिप कुमार विष्टको नाममा रुपन्देही जिल्ला मालपोत कार्यालय रुपन्देहीमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, मधवलिया गा.वि.स./न.पा. वडा नं. ०४ (ख) स्थित कि.नं. ७५१ (०-१-५-० विगाहा) र ऐ.ऐ. वडा नं. ०५ (ग) स्थित कि.नं. ३६४३ (०-१-०-० विगाहा), कि.नं. ३६३९ (०-१-५-० विगाहा), कि.नं. ५२० (०-१-८.५-० विगाहा) र कि.नं. ३६४२ (०-१-१५-० विगाहा) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>२. दिलिप कुमार विष्टको नाममा दाङ जिल्ला मालपोत कार्यालय तुलसीपुर, दाङमा दर्ता कायम रहेको तुलसीपुर जिल्ला, टरीगाउँ गा.वि.स./न.पा. वडा नं. ०८ (क) स्थित कि.नं. १२३६ (१,३५४.५२ व.मि.) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| २. | विविध कर्जा | **ऋणी : लुम्बिनी हार्डवेयर एण्ड सप्लायर्स प्रा.लि.**<br>दर्ता नं. : ८४९८५/०६८/०६९<br>ठेगाना : महालक्ष्मी ०५, टिकाथली, ललितपुर<br>**व्यक्तिगत जमानीकर्ताहरू :**<br>**१. प्रेम बहादुर लिम्बु**<br>(ना.प्र.नं. ४१११३-२९०२, मिति २०५६/०६/०७ मा जि.प्र.का. ताप्लेजुङ्गबाट जारी भएको)<br>बाबु : धन विर लिम्बु<br>बाजे : हर्कलाल लिम्बु<br>**२. हेलन लिम्बु**<br>(ना.प्र.नं. ५६४२१/३२४९, मिति २०६०/०५/२६ मा जि.प्र.का. ताप्लेजुङ्गबाट जारी भएको)<br>पति : प्रेम बहादुर लिम्बु<br>ससुरा : धन विर लिम्बु | १. प्रेम बहादुर लिम्बुको नाममा झापा जिल्ला मालपोत कार्यालय भद्रपुर, झापामा दर्ता कायम रहेको झापा जिल्ला, अनारमनी गा.वि.स./न.पा. वडा नं. ०७ स्थित कि.नं. ९९२ (२२११.६२ व.मी.) र कि.नं. १०९८ (४३२.९७ व.मी.) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>२. प्रेम बहादुर लिम्बुका नाममा ईलाम जिल्ला मालपोत कार्यालय ईलाममा दर्ता कायम रहेको ईलाम जिल्ला, ईलाम गा.वि.स./न.पा. वडा नं. ०२ (क) स्थित कि.नं. २४८ (७७१.०१ व.मि.) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| ३. | विविध कर्जा | **ऋणी : न्यू निराजन कोल्ड स्टोर**<br>प्रा.फ.र.नं.: ११०९७/०७६/०७७<br>ठेगाना : विरेन्द्रनगर ०९, सुर्खेत<br>**व्यक्तिगत जमानीकर्ताहरू :**<br>**१. कृष्ण माया रावत**<br>(ना.प्र.नं. ६०३०२२/२८५, मिति २०६३/११/२७ मा जि.प्र.का. जुम्लाबाट जारी भएको)<br>बाबु : दल बहादुर रोकाया<br>पति : जयलाल रावत<br>ससुरा : रनविरे रावत<br>**२. जयलाल रावत**<br>(ना.प्र.नं. २७४७, मिति २०६०/०८/१६ मा जि.प्र.का. जुम्लाबाट जारी भएको)<br>बाबु : रनविरे रावत<br>बाजे : भादुरे रावत | कृष्ण माया रावतको नाममा सुर्खेत जिल्ला मालपोत कार्यालय विरेन्द्रनगर, सुर्खेतमा दर्ता कायम रहेको सुर्खेत जिल्ला, लाटीकोइली गा.वि.स./न.पा. वडा नं. ०६ (क) स्थित कि.नं. १४७५ (११८.५२ व.मी.) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| ४. | व्यक्तिगत मोर्टगेज कर्जा | **ऋणीहरू : नरेश परियार र मान बहादुर दमै**<br>ठेगाना : पुरन्धारा वडा नं. १, दाङ<br>**(क) नरेश परियार**<br>(ना.प्र.नं. ५२२०४१/२३५२, मिति २०६६/०७/१६ मा जि.प्र.का. दाङबाट जारी भएको)<br>बाबु : मान बहादुर दमै<br>बाजे : अनन्ते दमै<br>**(ख) मान बहादुर दमै**<br>(ना.प्र.नं. ६०, मिति २०४४/१०/२३ मा जि.प्र.का. दाङबाट जारी भएको)<br>बाबु : अनन्ते दमै<br>बाजे : फौदे दमै<br>**व्यक्तिगत जमानीकर्ता :**<br>**कल्पना न्यौपाने**<br>(ना.प्र.नं. ५२३०४१/१८२९, मिति २०६३/१२/१३ मा जि.प्र.का. दाङबाट जारी भएको)<br>बाबु : रविकृष्ण न्यौपाने<br>बाजे : श्रीकृष्ण न्यौपाने | मान बहादुर दमैको नाममा दाङ जिल्ला मालपोत कार्यालय तुल्सीपुर, दाङमा दर्ता कायम रहेको दाङ जिल्ला, बाघमारे गा.वि.स./न.पा. वडा नं. ०६(ख) स्थित कि.नं. १२३८ (६७७.२६ व.मी.) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| ५. | विविध कर्जा | **ऋणी : टेस्टी वाइट्स क्याफे एण्ड बार**<br>प्रा.फ.नं.घ.उ.वि. : १३२५६/०७४/७५<br>ठेगाना : पोखरा ०६, कास्की<br>**व्यक्तिगत जमानीकर्ताहरू :**<br>**१. राजन ढकाल**<br>(ना.प्र.नं. ११९७४७, मिति २०५८/०७/१९ मा जि.प्र.का. कास्कीबाट जारी भएको)<br>बाबु : रामचन्द्र ढकाल<br>बाजे : कृष्ण बहादुर ढकाल<br>**२. रामचन्द्र ढकाल**<br>(ना.प्र.नं. ४४९३९, मिति २०५३/०३/१३ मा जि.प्र.का. कास्कीबाट जारी भएको)<br>बाबु : कृष्ण बहादुर ढकाल<br>बाजे : दिल बहादुर ढकाल<br>**३. शिव ढकाल**<br>(ना.प्र.नं. ४६-०१-७३-१००९१, मिति २०७३/१२/३० मा जि.प्र.का. कास्कीबाट जारी भएको)<br>पति : रामचन्द्र ढकाल<br>ससुरा : कृष्ण बहादुर ढकाल<br>**४. रवि ढकाल**<br>(ना.प्र.नं. १७२६७४, मिति २०६३/०६/२७ मा जि.प्र.का. कास्कीबाट जारी भएको)<br>बाबु : रामचन्द्र ढकाल<br>बाजे : कृष्ण बहादुर ढकाल<br>**५. सागर ढकाल**<br>(ना.प्र.नं. ४६-०१-७१-०१२५४, मिति २०७१/०२/०७ मा जि.प्र.का. कास्कीबाट जारी भएको)<br>बाबु : रामचन्द्र ढकाल<br>बाजे : कृष्ण बहादुर ढकाल<br>**६. पुजन कुँवर ढकाल**<br>(ना.प्र.नं. ४६३०२१/४६४, मिति २०६३/१०/०८ मा जि.प्र.का. कास्कीबाट जारी भएको)<br>बाबु : राजन ढकाल<br>बाजे : रामचन्द्र ढकाल | टेस्टी वाइट्स क्याफे एण्ड बारको नाममा कास्की जिल्ला मालपोत कार्यालय कास्कीमा दर्ता कायम रहेको कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. ०६ स्थित कि.नं. ५३(२७७.०० व.मि.) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |

**धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेलाई सूचना :**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तानी गरि/गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ । तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा वढी हुने प्रक्रियामा समेत धितो धनीलाई उपस्थित हुन सूचित गरिएको छ । धितो लेखिदिएको सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैंले सकार गरिलिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैंले सकार गरिलियो भनी कहि कतै उजुर बाजुर गर्न पाउनुहुनेछैन । साथै धितो लिलाम बिक्री सम्बन्धि अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन् ।

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.
**नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड**
दरबारमार्ग काठमाडौं, नेपाल, पोष्ट बक्स नं.: ३४१२
फोन नं. ९७७-१-४२२८२२९, ४२४२५३०
इमेल: info@nimb.com.np, वेबसाइट: www.nimb.com.np



## सच्याईएको

सौर्य राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८०/०८/२६ गते प्रकाशित **स्वावलम्बी महिला उद्यमी ईन्भेष्टमेन्ट कम्पनी लिमिटेडको वार्षिक साधारणसभा सम्बन्धी सूचनामा** मिति दोस्रो पटक हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ ।

## सच्याईएको

सौर्य राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८०/०८/२६ गते प्रकाशित **सहकार्य ईन्भेष्टमेन्ट कम्पनी लिमिटेडको वार्षिक साधारणसभा सम्बन्धी सूचनामा** मिति दोस्रो पटक हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ ।

## कर्णाली जलश्रोत लिमिटेडको थप शेयर खरिद गर्ने सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मिति : २०८०/०९/१६**

मिति २०८०/०७/२४ मा बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको शेयरधनीहरुको हैसियतले लगत कायम भएका शेयरधनीहरु लगायत अन्य इच्छुक नेपाली नागरिकहरुलाई प्रति कित्ता रु.१००।- दरको आफुले खरिद गरी लिन चाहेको शेयर संख्या र सो वापतको हुन आउने रकम कम्पनीको नाममा रहेको राष्ट्रिय बाणिज्य बैंक लि.को खाता नं. ११३०१००००३५५२००१, प्रभु बैंक लि.को खाता नं. ००१००१००८६९३८००००००१ र एनएमबी बैंक लि.को खाता नं. ०२३००३६१२१२०००२२ मा जम्मा गरी सो बैंक भौचर समेत साथै राखि यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिन भित्र कम्पनीको रजिष्ट्रर्ड कार्यालय का.म.न.पा.वडा नं. २९ अनामनगर, काठमाण्डौमा शेयर खरिदको निवेदन दिन हुन जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । उक्त समय अवधि भित्र रकम जम्मा गरेको बैंक भौचर साथ पेश हुन आएको निवेदन अनुसारको शेयर लगत नियमानुसार निर्णय गरी कायम गरीने व्यहोरा समेत सूचित गरिएकोछ ।

**अध्यक्ष**
**सञ्चालक समिति**